केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४११४०७
फ्याक्स : ४१४५५२
E-mail : <bkpromot@htp.com.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/१६/०६५/६६ मिति : २०६५/७/११

**इजाजतपत्रप्राप्त सम्पूर्ण बाणिज्य बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले अन्य बैंक तथा वित्तीय संस्थाहरुमा आफूले गरेको संस्थापक शेयर लगानी (Cross Holding) र सो को हकप्रद शेयर सम्बन्धमा निम्नानुसारको व्यवस्था कायम गरिएको हुँदा सोही अनुसार गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

१. २०६५ आषाढ मसान्तभित्र त्यस्तो संस्थापक शेयर लगानी (Cross Holding) बिक्री (Divest) नगरेका बैंक/वित्तीय संस्थाहरुले थप हकप्रद शेयर खरिद गर्न नपाउने, तर बुंदा नं. २ अनुरुप Right Renounce गर्न सक्ने ।

२. त्यस्तो संस्थापक शेयर लगानी (Cross Holding) रकम बराबरको लगानी समायोजन कोष खडा गरेको अवस्थामा मात्र २०६५ चैत्रमसान्त भित्र Right Renounce गर्न सक्ने र तत्पश्चात Right Renounce गर्न समेत नपाउने ।

३. त्यस्तो संस्थापक शेयर लगानी (Cross Holding) २०६५ चैत्रमसान्त भित्र बेचविखन नगर्ने संस्थालाई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ७४ बमोजिम कारवाही गरिने ।

भवदीय,

(रामहरि न्यौपाने)
उप-निर्देशक

<u>बोधार्थ :</u>

१. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
२. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
३. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा ।
५. श्री नेपाल राष्ट्र बैंक, जिल्ला स्थित कार्यालयहरु ।
६. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
७. श्री विकास बैंक तथा वित्तीय संस्था संघ नेपाल, बबरमहल, काठमाण्डौं ।
८. श्री नेपाल वित्त कम्पनी संघ, बागदरवार, विजनेस कम्प्लेक्स, काठमाण्डौं ।
९. श्री नेपाल धितोपत्र बोर्ड, थापाथली, काठमाण्डौं ।
१०. श्री नेपाल स्टक एक्स्चेन्ज लि., सिंहदरवारप्लाजा, काठमाण्डौं ।